नेपाल लघुवित्त बैङ्कर्स संघ
Nepal Microfinance Bankers' Association
(NMBA)

जि.प्र.का.काठमाण्डौ
द.नं. :५४१/०६३
दर्ता मिति : २०६३/०८/१३
स.क.प.द.नं. २६१८३
पान नं. : ३०२७४५०१६
ठेगाना : का.जि.का.म.न.पा
वडा नं. १, नक्साल, काठमाण्डौ

प्रेस विज्ञप्ती

मिति २०७९ फाल्गुण १६ गते एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. को जाजरकोट शाखामा कार्यरत कर्मचारी श्री गोपाल प्रसाद उपाध्यायलाई अज्ञात समुहले कुटपिट सहित कालो मोसो दली अपमानजनक व्यवहार गर्दै समुहबाट संकलन भएको रकम समेत लुटेर फरार भएको घटना प्रति नेपाल लघुवित्त बैंकर्स संघ घोर आपत्ती प्रकट गर्दछ र यस कार्यको निन्दा तथा भर्त्सना गर्दछ ।

लघुवित्त वित्तीय संस्थाहरुले विगत ३० वर्ष देखि ग्रामिण क्षेत्रमा गै विनाधितो कर्जा उपलब्ध गराई ग्रामिण विपन्न महिलाहरुको जीवनस्तर माथि उकास्न निरन्तर लागि रहेको छ । यहि क्रममा जाजरकोट जस्तो अति विकट क्षेत्रमा गै गरिवी न्यूनिकरण र महिला शक्तिकरणको लागि अहोरात्र खटिने लघुवित्तका कर्मचारी माथी भएको यो कारवाही अमानविय र अराजकताको पराकाष्ठ हो यसको जति नै निन्दा गरे पनि कमै हुन्छ नै, यसले राज्यको सुरक्षा प्रणालीमा पनि प्रश्न उठाएको छ ।

वित्तीय कारोबार अत्यावश्यक सेवा हो । तर यो सेवा शान्ती सुरक्षा तथा अमनचैन विना प्रदान गर्न सकिदैन । त्यसमा पनि घरदैलोमा वित्तीय सेवा प्रदान गर्न फिल्डमा खटिई कार्य गर्नु पर्ने लघुवित्त वित्तीय संस्थाहरुका कर्मचारीहरुको लागि त शान्ती सुरक्षाको झनै आवश्यक पर्दछ । त्यसैले, बिना बाधा व्यवधान, विना रोकतोक सुरक्षित र शान्तीपूर्ण तवरबाट काम गर्न सुरक्षित कार्य वातावरणको सुनिश्चतता गर्न नेपाल सरकार र तथा नियामक निकाय नेपाल राष्ट्र बैंकसंग हार्दिक अपिल गर्दछौ ।

सम्पूर्ण लघुवित्तका कर्मचारी साथीहरु तथा अन्य बैंक वित्तीय संस्थाका कर्मचारीहरु यो विषम परिस्थितीमा सजग, सचेत र संयमतापूर्वक आफ्ना ग्राहक सदस्य, अभिभावक र स्थानीय निकायसंग समन्वय गरी कार्य गर्न पनि अपिल गर्दछौ । हाल देशमा अराजकताको अवस्था सिर्जना हुदै गएको छ यस्तो परिस्थतीमा कत्ति पनि विचलित नभै आफ्नो सुरक्षाको ख्याल गर्न पनि लघुवित्तकर्मी सवै कर्मचारी साथीहरुलाई अनुरोध गर्दछौ ।

अन्तमा, यस्ता गतिविधिबाट कहि कसैका लाभ नभै यसले सम्पूर्ण जनमानसमा नकारात्मक प्रभाव पार्ने र देशमा अराजकतालाई बढवा दिने, आर्थिक अस्थिरता निम्त्याउने र देशको अर्थतन्त्र नै दुर्घटनाग्रस्त हुने सम्भावना हुदा यस्ता गतिविधि तत्काल बन्द गरी शान्तीपूर्ण काम गर्ने वातावरण सिर्जना गर्न सम्वन्धीत सवै पक्षसंग समेत अपिल गर्दछौ ।

धन्यवाद ।

.....

प्रकाश राज शर्मा
अध्यक्ष

मिती : २०७९ फाल्गुण १७ गते, बुधवार

फोन नं.: ०१-४४१५२८७, Email: info@nmba.org.np